# फैसला कार्यान्वयन अनुगमन निर्देशिका २०७९

प्रस्तावनाः- प्रदेश सरकार र प्रदेश सरकार मातहतका निकायहरु पक्ष वा विपक्ष भएका मद्दामा अदालत वा अन्य न्यायिक निकायवाट भएका फैसला कार्यन्वयनको अनुगमन गर्ने वा गराउने कार्यलाई व्यवस्थित बनाउन आवश्यक भएकाले मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्वन्धी ऐन, २०७५को दफा १८ बमोजिम यो निर्देशिका जारी गरिएको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

**१.संक्षिप्त नाम र परम्भः-** (१) यो निर्देशिकाको नाम "फैसला कार्यान्वयन अनुगमन निर्देशिका, २०७९" रहेको छ ।

**२. परिभाषाः-** विषयमा प्रसङ्गले अर्को अर्थ नलागेमा यो निर्देशिकामा,

(क "अदालत" भन्नाले सर्वोच्च अदालत, उच्च अदालत वा जिल्ला अदालत सम्झनु पर्छ ।

(ख) "अन्य न्यायिक निकाय" भन्नाले अदालत बाहेकका कानून बमोजिम स्थापित मुद्दा हेर्ने निकाय वा अधिकारीलाई सम्झनु पर्छ ।

(ग) "न्यायाधिवक्ता" भन्नाले मुख्य न्यायाधिवक्ताको कार्यालयका सह-न्यायाधिवक्ता, उपन्यायाधिवक्ता र सहायक न्यायाधिवक्तालाई सम्झनु पर्छ ।

(घ) "फैसला" अदालत वा अन्य न्यायिक निकायवाट भएको फैसला वा अन्तिम आदेश सम्झनु पर्छ ।

(ङ) "शाखा" भन्नाले मुख्य न्यायाधिवक्ताको कार्यालयको कानूनी राय तथा प्रतिरक्षा शाखालाई सम्झनु पर्छ ।

(च) "सम्वन्धित निकाय" प्रदेश सरकार र प्रदेश सरकार मातहतका मन्त्रालय, निर्देशनालय, कार्यालय, आयोग, प्रतिष्ठानलाई सम्झनु पर्छ । सो शव्दले प्रदेश कानून बमोजिम स्थापना भएका सरकारी तथा अर्ध सरकारी संस्था समेतलात्त जनाउनेछ ।

**३. अभिलेख राख्नेः** (१) मुख्य न्यायाधिवक्ताको कार्यालयको कानूनी राय तथा प्रतिरक्षा शाखाले अदालत वा अन्य न्यायिक निकायवाट भएका फैसला वा अन्तिम आदेशको विवरण प्राप्त भए पछि अनुसुची १ मा उल्लेखित ढाँचामा अभिलेख राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको विवरण अद्यावधिक गरी त्यस्ता फैसला वा अन्तिम आदेशको प्रतिलिपी सहित कार्यान्वयनका लागी आदेश मन्त्रिपरिषद्को कार्यालयमा समेत पठाउनु पर्नेछ ।

**४. कार्यान्वयनको अवस्थाको वारेमा जानकारी लिनेः-** (१) मुख्य न्यायाधिवक्ताको कार्यालयले फैसला कार्यान्वयनको अवस्थाको वारेमा नियमित रुपमा सम्वन्धित निकाय वा कार्यालयसंग जानकारी लिई अभिलेखमा विवरण अद्यावधिक गर्नु पर्नेछ ।

(२) उपदफा (१) यो प्रयोजनका लागी मुख्य न्यायाधिवक्ताको कार्यालयले सम्वन्धित निकायका प्रतिनिधिसंग आवश्यक छलफल गर्न सक्नेछ ।

**५. लगत कट्टा गर्नेः** (१) अदालत वा अन्य न्यायिक निकायवाट भएका फैसला कार्यान्वयन भएको जानकारी प्राप्त भएपछि सोको विवरण खुलाई मुख्य न्यायाधिवक्ताको कार्यालयमा रहेको लगत कट्टा गर्नु पर्नेछ ।

## परिच्छेद- ३

## कानूनी राय तथा प्रतिरक्षा शाखा

**६. कानूनी राय तथा प्रतिरक्षा शाखाः** (१) फैसला कार्यान्वयनको अनुगमन मुख्य न्यायाधिवक्ताको कार्यालयमा रहेको कानूनी राय तथा प्रतिरक्षा शाखाले गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको शाखामा तोकिए बमोजिमका न्यायाधिवक्ता तथा अन्य कर्मचारी रहने छन् ।

**७. कानूनी राय तथा प्रतिरक्षा शाखाको काम, कर्तव्य र अधिकारः** दफा ६ बमोजिम शाखाले देहाय बमोजिमका कार्य गर्नेछ ।

(क) मुद्दा मामिलाको रोहमा अदालत वा अन्य न्यायिक निकायले गरेको फैसला वा आदेश प्राप्त गरी लगत अभिलेखि करण गर्ने,

(ख) खण्ड (क) बमोजिम अभिलेखिकरण गर्दा मुद्दाको प्रकृति अनुसार अभिलेख व्यवस्थित गर्ने ,

(ग) मुद्दा मामिलाको रोहमा अदालत वा अन्य न्यायिक निकायले गरेको फैसला कार्यान्वयन गर्न सम्वन्धित निकायलाई आदेश वा फैसलाको प्रतिलिपी सहित कार्यान्वयनको लागी लेखि पठाउने र सोको जानकारी सम्वन्धित मन्त्रालय र मुख्यमन्त्री  तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने,

(घ) फैसलाको कार्यान्वयन गर्ने जिम्मेवारी भएको निकायवाट आदेश वा फैसला कार्यान्वयनका सम्वन्धमा भए गरेका निर्णय र कार्यान्वयनको अवस्थाको जानकारी लाई अभिलेख अद्यावधिक गरी राख्ने,

(ङ) फैसला कार्यान्वयन सम्वन्धि कार्य गर्ने निकायसंग समन्वय गरी अदालत वा अन्य न्यायिक निकायले गरेका फैसला वा अन्तिम आदेश कार्यान्वयनलाई प्रभावकारी बनाउन सहयोग गर्ने,

(च) अनुगमनवाट कुनै पदाधिकारी वा कर्मचारीले कार्यान्वयनमा अनुचित ढिलाई वा लापरवाही गरेको देखिएमा आवश्यक कारवाहीका लागी दफा ८ बमोजिमको समिति समक्ष प्रतिवेदन पेश गरी निर्देशानुसार गर्ने ।

(छ) तोकिए बमोजिमको अन्य कार्य गर्ने ।

## परिच्छेद — ४

## कानूनी राय तथा प्रतिरक्षा शाखा

**८. निर्देशन समितिः** (१) फैसला कार्यान्वयनको सम्वन्धमा नितिगत मार्ग दर्शन तथा अनुगमनमा आवश्यक समन्वय गर्न देहाय बमोजिमको निर्देशन समिति रहनेछ :

(क) मुख्य न्यायाधिवक्ता.....................................................................संयोजक

(ख) सचिव, कानून, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय .....................सदस्य

(ग) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय ..............................सदस्य

(घ) सचिव, सम्वन्धित मन्त्रालय ..........................................................सदस्य

(ङ) उपन्यायाधिवक्ता, मुख्य न्यायाधिवक्ताको कार्यालय ............................सदस्य

(च) शाखा प्रमुख, कानून राय तथा प्रतिरक्षा शाखा...................................सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठक कम्तीमा तीन महिनामा एक पटक बस्नेछ ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठक आवश्यकता अनुसार सरोकारवाला निकायका प्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ ।

(४) समितिको बैठक संयोजकले तोके अनुसार सदस्य सचिवले बोलाउनेछ ।

(५) समितिका संयोजक तथा सदस्यले प्रदेश सरकारले निर्धारण गरेको मापदण्ड अनुसारको बैठक भत्ता पाउनेछन ।

**९. निर्देशन समितिको काम, कर्तव्य र अधिकारः** (१) दफा ८ बमोजिम समितिको काम र कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) फैसला कार्यान्वयनको समीक्षा गर्ने,

(ख) फैसला कार्यान्वयन बारेमा सम्वन्धित निकाय वा पदाधिकारीहरुसँग समन्वय गर्ने ।

(ग) निर्धारित समय सिमा भित्र फैसला वा आदेश कार्यान्वयनको लागि आवश्यक सहजिकरण गर्ने,

(घ) निर्देशन समिति वा सो समितिले तोकिदिएको अधिकृतले अदालत वा अन्य न्यायिक निकायले गरेका फैसला कार्यन्वयनको अवस्थाका बारेमा सम्वन्धित निकायमा गई आवश्यक सूचना र जानकारी लिन सक्नेछ ।

## परिच्छेद-५

## विविध

**१०. बार्षिक प्रतिवेदनमा समावेश गर्नुपर्ने :** अदालत वा अन्य न्यायिक निकायले गरेको फैसलाको कार्यान्वयनको अवस्था सम्वन्धि विवरण मुख्य न्यायाधिवक्ताको बार्षिक प्रतिवेदनमा समावेश गर्नुपर्नेछ ।

**११. वेवसाईटमा राखिनेः-** मुख्य न्यायाधिवक्तावाट स्वीकृत भए पछि यसलाई मुख्य न्यायाधिवक्ताको कार्यालयको वेवसाईटमा राखिनेछ ।

# अनुसूची — १

## अदालत वा अन्य न्यायिक निकायले गरेको फैसलाको लगत अभिलेख

| सि. नं. | निवेदक /वादी | विपक्षी/ प्रत्याथी/ प्रतिवादी | रिट/मुद्दा नं. | आदेश वा फैसला मिति | आदेशको संक्षिप्त विवरण | आदेश कार्यान्वयन गर्ने निकाय | आदेश प्राप्त मिति | आदेश कार्यान्वयनका लागि पठाइएको विवरण | आदेश कार्यन्वयनको अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |